म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ८४ २०८० माघ २८ गते आइतबार 11 February 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




# मकवानपुर गोल्डकपको उपाधि एपीएफलाई



मकवानपुरगोल्ड कपको उपाधि विजेता टिम ।

समाज संवाददाता

हेटौंडाः छैठौं संस्करणको शहीद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि विभागीय टोली सशस्त्र प्रहरी बल (एपीएफ) ले जितेको छ । शनिबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको फाइनल खेलमा न्युरोड टिम (एनआरटी)लाई सडन डेथमा ५-४ गोलले हराउँदै एपीएफले उपाधि जितेको हो ।

निर्धारित खेल समय गोलरहित बरापछि खेल टाइब्रेकरमा धकेलिएको थियो। टाइब्रेकरमा ३-३ गोलको बराबरपछि खेलको नजिता सडन डेथबाट लिनुपरेको हो। एपीएफका लागि टाइब्रेकरमा कप्तान मणिकुमार लामा, कुलदीप कार्की र सुमन श्रेष्ठले गोल गरे । एपीएफका बुद्धिमान राईको प्रहार एनआरटीका गोलरक्षक प्रिसोले सेभ गरे भने दीपेश धिमालको प्रहार पोष्टमा ठोक्किएर फर्कियो । सडन डेथमा एपीएफका कप्तान मणि लामा र विदेशी खेलाडी फोडे फोफनाले गोल गरे।

यस्तै, एनआरटीका लागि जय गुरुङ, गोलरक्षक प्रिसो, विवेक गुरुङ र मोहित गुरुङले गोल गरे। रणदीप पौडेलको प्रहार एपीएफका गोलरक्षक एन्जल श्रेष्ठले सेभ गरे भने सरोज तामाङ र अभिषेक लिम्बुको प्रहार बाहिरियो ।

उपाधि विजेता एपीएफले १५ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता एनआर टीले १० लाख रुपैयाँमा चित्त बुझायो ।

प्रतियोगिताको विधागत उत्कृष्टतर्फ गोलरक्षकमा एपीएफका एन्जल श्रेष्ठ, डिफेन्डरमा एपीएफका कुलदीप कार्की, फरवार्डमा एनआरटीका विदेशी खेलाडी जोन ग्लोरी र प्रशिक्षकमा एपीएफका सुमन श्रेष्ठ घोषित भए। उत्कृष्ट गोलरक्षक घोषित भएका एन्जल खेलको म्यान अफ द म्याचसमेत घोषित भए । विधागत उत्कृष्ट सबैले २५-२५ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

उपाधि विजेता, उपविजेता र विधागत उत्कृष्टहरुलाई बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तान, एन्फाका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामालगायतले पुरस्कार वितरण गर्नुभयो ।

## खेल पत्रकारलाई पुरस्कार दिइएन

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले घोषणा गरेको पत्रकारिता पुरस्कार दिन सकेन । शनिबार सम्पन्न छैठौं स्थानीय तह सहीद स्मृति मकवानपुर गोल्डकप प्रतियोगिताको समापनको अवसरमा मकवानपुर जिल्ला फुटबल संघले ५० हजार राशीको पुरस्कार एकजना खेलकुद पत्रकारलाई दिने घोषणा गरिएको थियो ।

पुरस्कारका लागि मन्त्री, सांसद, नेताको फोन आएर दबाब बढेपछि दिन नसकिएको मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामाले बताउनुभएको छ ।

## सर्वोत्कृष्ट खेलाडी 'अनिषले पाए बुलेट बाइक

हेटौंडाः हेटौंडामा शनिबार सम्पन्न छैठौं स्थानीय तह शहीद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपीएफ क्लबका अनिष महर्जन सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। अनिषले बुलेट बाइक पाएका छन्। ३५० सीसीको बुलेट बाइक परशुराम स्मृति प्रतिष्ठानले प्रायोजन गरेको हो ।

प्रतियोगितामा महर्जनले दुई गोल गरे। एपीएफका अर्का खेलाडी प्रदीप लामाले पनि दुई गोल गरेका थिए । सेमिफाइनल खेलमा सर्लाहीको बागमती युवा क्लबमाथि हेडमार्फत् उत्कृष्ट गोलबाट महर्जनले सुरुवातमा अग्रता दिलाएका थिए। महर्जन हेटौंडा-४, कर्रा निवासी हुन् । हेटौंडा फुटबल एकेडेमीबाट फुटबल सिक्न सुरु गरेका महर्जनले जिल्ला लिगमा मकवानपुर -११ मा आवद्ध हुँदै प्रतियोगिता खेलेका थिए। महर्जनले संकटा क्लबबाट 'ए' डिभिजन लिगसमेत खेलिसकेका छन्। महर्जन केही समयअघि मात्र पोखरामा सम्पन्न आहा रारा गोल्डकपदेखि एपीएफमा आवद्ध भएका हुन्।

विजेता एपीएफ मछिन्द्र क्लबलाई हराउँदै क्वाटरफाइनल, थ्री स्टार क्लबलाई हराउँदै सेमिफाइनल र सर्लाहीको बागमती युवा क्लबलाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो। यस्तै, उपविजेता एनआरटी हिमालयन शेर्पा क्लबलाई हराउँदै क्वाटर फाइनल, चर्च ब्वाइज क्बललाई हराउँदै सेमिफाइनल र धनकुटको राजारानी क्लबलाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो । गएको शनिबारबाट सुरु प्रतियोगितामा १२ टिमको सहभागिता रहेको थियो ।

## ४ नम्बर वडास्तरीय खेलकुद सम्पन्न

# आधुनिक उत्कृष्ट बन्दा श्रमिक दोस्रो

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समिति मकवानपुरको व्यवस्थापनमा भएको प्रथम वडास्तरीय खेलकुद प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा आधुनिक राष्ट्रिय मावि उत्कृष्ट भएको छ। श्रमिक मावि र भूटनदेवी मावि क्रमशः दोस्रो र तेस्रो भएका छन्।

प्रतियोगितामा ७ वटा खेलमा प्रथम, ३ वटामा द्वितीय र ३ वटामा तृतीय हुँदै ३० अंकसहित आधुनिक वडाको सर्वोत्कृष्ट विद्यालय बनेको छ। हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयले ५ वटा खेलमा प्रथम, ६ वटामा द्वितीय र एउटामा तृतीय हुँदै २८ अंकसहति दोस्रो भएको छ । भूटनदेवी माविले २ वटा खेलमा प्रथम, ३ वटामा द्वितीय र ३ वटामा तृतीय हुँदै तेस्रो भएको हो ।

शुक्रबार सुरु भएको प्रतियोगितामा ४ नम्बर वडाभित्रका सामुदायिक र संस्थागत गरी ७ वटा विद्यालयको सहभागिता थियो। क्रिकेट प्रतियोगितामा आधुनिक राष्ट्रिय मावि प्रथम, भुटनदेवी मावि द्वितीय र नवोदय शिशु सदन तृतीय भएको छ । फुटबलमा आधुनिक राष्ट्रिय मावि प्रथम, श्रमिक मावि द्वितीय र आमसाई स्कूल तृतीय भएको छ। यस्तै, भलिबल प्रतियोगितामा आधुनिक राष्ट्रिय मावि प्रथम, श्रमिक मावि द्वितीय र नवोदय शिशु सदन तृतीय भएको छ। क्रिकेट, फुटबल र भलिबलमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई ट्रफी तथा खेलाडीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ।

एथ्लेटिक्समा १०० मिटर दौडको छात्रतर्फ आधुनिकका कृष रौनियार प्रथम र भूटनदेवीका मोहम्मद रसिद र मोहम्मद साजिद द्वितीय र तृतीय भएका छन् । छात्राको १०० मिटर दौडमा श्रमिक माविकी मनिका गौतम र अस्मिता गौतम क्रमशः प्रथम र द्वितीय भएका छन् भने नवोदयकी रुविकन प्रधान तृतीय भएकी छिन् । छात्रको २०० मिटर दौडमा आधुनिकका एमडी रसिद र कृष रौनियार क्रमशः प्रथम र द्वितीय हुँदा भूटनदेवीका आशीष यादव तृतीय भएका छन्। २०० मिटर दौडको छात्रातर्फ श्रमिककी अस्मिता गौतम, नवोदयकी न्यान्सी हिमडुङ र आधुनिककी दीपिका चौधरी क्रमशः प्रथम, द्वितीय र तृतीय भएकी छिन्।

लङजम्पको छात्रतर्फ भूटनदेवीका मोहम्मद साजिद प्रथम, आधुनिकका शिशिर सुवेदी द्वितीय र ब्रह्मदिक् एकेडेमीका विपिन लामिछाने तृतीय भए । लङजम्पको छात्रातर्फ श्रमिककी सहिमा खातुन र मनिका गौतम क्रमशः प्रथम र द्वितीय हुँदा ब्रह्मदिक्की रमुना थापा तृतीय भएकी छिन् । छात्रतर्फको त्रिपलजम्पमा भूटनदेवीका बब्लु यादव प्रथम हुँदा श्रमिक माविका सुमन घलान र अमन माझी क्रमशः द्वितीय र तृतीय भएका छन् । त्रिपलजम्पको छात्रातर्फ श्रमिककी अस्मिता गौतम प्रथम, श्रमिककी सहिमा खातुन र आधुनिककी दीपिका चौधरी द्वितीय तथा भुटनदेवीकी निरुता चौधरी तृतीय भएकी छिन्।

सटपुट थ्रोको छात्रतर्फ आधुनिकका निमा लामा र विराज भ्लोन क्रमशः प्रथम र तृतीय हुँदा भूटनदेवीका अमनप्रसाद कुशवाह द्वितीय भएका छन् । सटपुटकै छात्रातर्फ आधुनिककी निग्मा लामा र दीपिका चौधरी क्रमशः प्रथम र द्वितीय भइन् भने नवोदयकी न्यान्सी हिमडुङ तृतीय भएकी छिन्। छात्रछात्रा सम्मिलित ४०० मिटर रिले दौडमा श्रमिक मावि प्रथम, नवोदय शिशु सदन द्वितीय र ब्रह्मदिक् एकेडेमी तृतीय भएका छन् ।

प्रतियोगिताको पुरस्कार वितरण तथा समापन कार्यक्रम जिल्ला समन्वय समिति मकवानपुरका पूर्वप्रमुख रघुनाथ खुलालको प्रमुख आतिथ्यमा भएको थियो । शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले वडाभित्रका विद्यालयका विद्यार्थीहरुबीच प्रतिस्पर्धा गराउने, विद्यार्थीहरुमा भएको प्रतिभालाई प्रस्तुत गराउने र विद्यार्थीहरुको शारीरिक तन्दुरुस्ती बढाउने उद्देश्यले प्रतियोगिता आयोजना गरेको जानकारी दिनुभयो। विद्यालयस्तरबाट खेलाडी उत्पादन गर्ने, विद्यालयका विद्यार्थीहरुबीच भातृत्व कायम गराउने, खेलप्रतिको रुचि बढाउन प्रतियोगिता सहयोगी हुने उहाँको भनाइ छ ।

पुरस्कार वितरण कार्यक्रममा ४ नम्बर वडाका वडा सदस्य गीता त्रिपाठी, आधुनिक मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समीम खान, श्रमिक मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्की, मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्यसहित वडाभित्रका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावकको उपस्थिति थियो ।






# सम्पादकीय

## जथाभावी रकम बाँड्ने होड

हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठक नियमित बस्न नसकेको र बैठकका निर्णय पारदर्शी नभएको भन्दै विरोध हुन थालेपछि उपमहानगरले कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण गरेको छ । शुक्रबार दिउँसो उपमहानगरको कार्यपालिका बैठकलाई सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण गरिएको थियो । बैठक प्रक्रिया र त्यसको निर्णय सार्वजनिक गर्ने विषयमा समृद्ध समाज दैनिकले बारम्बार समाचार सार्वजनिक गरेसँगै सामाजिक सञ्जालमा समेत उपमहानगर नेतृत्वको कार्यशैलीको व्यापक विरोध भइरहेको थियो । निर्धारित कार्यतालिकाअनुसार बैठक नबस्ने, बैठकका प्रस्तावहरु कार्यपालिका सदस्यले समयमै थाहा नपाउने, बैठकका निर्णयहरु सार्वजनिक नगरिने गरिएकोमा चासो र चिन्ता बढ्दै गएपछि उपमहानगरले गत पुसबाट कार्यपालिका बैठकका निर्णय सार्वजनिक गर्न थालेको थियो । तर, अघिल्लो बैठकका केही निर्णयमात्रै सार्वजनिक गरी केही निर्णय गोप्य राखिएपछि उपमहानगर नेतृत्वको आलोचना भएको थियो ।

नियमित हुनुपर्ने बैठक नहुने र बैठकको निर्णय पनि सधैं गोप्य रहने गरेकोमा कार्यपालिका सदस्यहरु नै असन्तुष्ट बनिरहेका थिए । उपमहानगर नेतृत्वले बैठकलाई नियमित बनाउने र निर्णय सार्वजनिक गर्ने प्रयाससँगै बैठकलाई नै प्रत्यक्ष प्रसारण गर्न सुरुवात गरेकोमा आम नगरबासीले सकारात्मकरुपमा लिएका छन् । सामाजिक सञ्जालबाटै भए पनि बैठकको प्रत्यक्ष प्रसारणको अभ्यासप्रति नगरबासी र सरोकारवाला सकारात्मक देखिएका हुन् । स्वतन्त्ररुपमा विजयी भएका काठमाडौं महानगरपालिका र धरान उपमहानगरपालिकाका मेयरहरुले सुरुवातबाटै कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण गरेपछि अन्यत्र पनि यस्तो अभ्यास हुनुपर्ने आवाज उठ्दै आएको छ । ढिलै भए पनि हेटौंडा उपमहानगरपालिकाले कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण सुरु गरेर जनतालाई सुसूचित गर्ने हिम्मतलाई धन्यवाद दिनैपर्छ । बैठकको प्रत्यक्ष प्रसारणबाट आम नगरबासीले आफ्ना जनप्रतिनिधिको कार्यशैलीबारे जानकारी पाउनेछन् भने जनप्रतिनिधिसमेत सचेत हुनुपर्ने देखिएको छ ।

कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण गर्ने अभ्यास सुरु गरेकोमा खुशी भएका नगरबासी शुक्रबारको कार्यपालिका बैठकमा भएका छलफल र निर्णयबाट भने निराश बन्नुपर्ने अवस्था देखिएको छ । बैठकमा भएका अधिकांश छलफल तथा निर्णय आर्थिक सहयोगसम्बन्धी रहेका छन् । उपमहानगर पालिकाले राक्सिराङका एक विद्यार्थीलाई एमबीबीएस अध्ययन गर्न २ लाख र हेटौंडा-१० का विद्यार्थीलाई फिजियोथेरापी अध्ययन गर्न ६० हजार सहयोग गर्ने निर्णय गरेको छ । शनिबार सम्पन्न मकवानपुर गोल्डकपलाई २५ लाख दिने, वृत्तचित्र बनाउन ३ लाख उपलब्ध गराउने र जर्नालिज्म अवार्डका लागि २ लाख दिने निर्णय पनि बैठकले गरेको छ । ताइवानमा भएको कार्यक्रममा सहभागी हेटौंडा-४ का एक जनालाई हवाइ टिक र भिसा प्रक्रियाको खर्च उपलब्ध गराउने निर्णय पनि बैठकमा भएको छ । यस्तै, उपमहानगरपालिकाका दुई जना कर्मचारीलाई कार्यालय सहयोगी र आवास खर्च दिने निर्णयसमेत भएको छ ।

बैठकमा छलफलमा ल्याइएका कतिपय प्रस्तावका बारेमा सम्बन्धित समितिका संयोजकहरुले असन्तुष्टि जनाएका थिए । बैठकमा सहभागी कार्यपालिका सदस्यहरुले जथाभावी रकम वितरण गर्नुभन्दा स्पष्ट कार्यविधि बनाउन जोड दिएका छन् । जथाभावी रकम बाँड्ने होडबाजी गर्नुभन्दा उपमहानगरपालिकाले पारदर्शीरुपमा अत्यावश्यक र औचित्यपूर्ण क्षेत्रमा मात्र आर्थिक सहयोग गर्नुपर्छ । हेटौंडा उपमहानगरपालिकाले सुरु गरेको बैठकको प्रत्यक्ष प्रसारण गर्ने अभ्यासलाई अझ व्यवस्थित बनाउँदै निरन्तरता दिनु आवश्यक छ । नगरसभाबाट पारित नीति तथा कार्यक्रमको परिधिभित्र रहेर बजेट खर्च गर्ने परिपाटीको विकास गर्दै जथाभावी रकम वितरण गर्ने कार्य रोक्न सक्नुपर्छ । उपमहानगर प्रमुखले आफ्ना अनुकूलका प्रस्तावको निर्णयमा जोडबल नगरी सबै प्रस्तावलाई कार्यपालिका बैठकमा छलफल गरेर औचित्य र आवश्यकताका आधारमा निर्णय गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल




पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाई–लेखाईमा मिहिनेत गर्नुपर्ला ।
**वृष** : वैदेशिक प्रयोजनका काममा मन जाने छ ।
**मिथुन** : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् ।
**कर्कट** : कला र साहित्यमा झुकाव बढ्ने योग छ ।
**सिंह** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
**कन्या** : वैदेशिक योगमा बाधा व्यवधान कारक छ ।
**तुला** : पठनपाठनका काममा ध्यान केन्द्रित नहोला ।
**वृश्चिक** : धार्मिक तथा सामाजिक काममा सरिक ।
**धनु** : खर्च बढ्नाले मन खिन्न हुने समय छ ।
**मकर** : शत्रुहरुसँग सजगता अपनाउँदा राम्रो ।
**कुम्भ** : परोपकारजन्य काममा सेवाभाव बढ्ने छ ।
**मीन** : धार्मिक र सामाजिक काममा सरिक भइएला ।

# परीक्षाको भुत



✍प्रमिता कार्की



साधु सन्तले पनि भन्ने गर्छन् अरे हाम्रो परीक्षा नलिनु भनेर । आखिर किन हामी परीक्षादेखि यति डराउँछौ ? परीक्षाको भुत के हो आखिरमा ?

परीक्षाको अवधारणा धेरै पुरानो हो र पूर्वकालिन समयदेखि नै परीक्षा दिने परम्परा चल्दै आएको छ । जिन्दगीको हरेक क्षेत्रमा परीक्षाको सामना गर्नुपर्ने हुन्छ । तर पनि हामी परीक्षा शब्ददेखि नै डराउँछौँ । विशेषगरी स्कुल-कलेजको परीक्षा भन्ने बित्तिकै त झन् ज्वरो आउँछ । स्कुलदेखि अहिले मास्टर्स लेभल पुगिसक्दा पनि मलाई भने यो परीक्षाको डरले छाड्न सकेको छैन । परीक्षा आउन एक महिना जस्तो बाँकी छ तर परीक्षाकै तनावले परीक्षाकै तयारी गर्न नसकिरहेको अवस्था छ मेरो पनि । भर्खरै पढ्यो भर्खर नै बिर्सन्छु पानीमा नाम लेखेको जस्तो ।

नम्बर कसरी धेरै ल्याउने, फेल हुने हो कि, अरुले आफुलाई टप्छन् कि, आफुलाई पढाउने प्राध्यापकहरुको आफुप्रतिको जुन अपेक्षा र आशा छ त्यसमा खडा उत्रिन नसक्ने हो कि, घरमा के भन्लान् जस्ता विविध तरंगहरुले हामी विद्यार्थीको मन र मस्तिष्कमा डमरु बजाउन थाल्छन् र हामीमा उदासीनता ल्याउँछ । दिनमा त चैन छैन रातमा समेत परीक्षाको भुतले छोड्दैन हामीलाई । भयानक सपनाहरूले सताउँछ र हरेक दिन दिइने सल्लाहको खुराकले पनि हामीलाई विचलित बनाउँछ । परीक्षा अघि हामीले आनन्द उन्मुख गतिविधिहरू स्थगित गर्नुपर्ने हुन्छ । हामीहरुले आफ्नो योजना, पिकनिक, घुमघाम र नवीनतम चलचित्रहरू लागि जाने कुराहरुलाई क्यान्सिल गरेर चार पर्खालमा सीमित रहनुपर्छ र गर्ने चाहिँ के भन्दा आफ्नै पुस्तकहरूसँग व्यस्त रहने । यी सम्पूर्ण कुराहरुको सिधा असर हाम्रो मस्तिष्कमा पर्छ । जसले गर्दा हाम्रो मस्तिष्कले खुलस्त भएर तार्किक रुपमा सोच्न सक्दैन र यसले हाम्रो जीवन नै निराशाजनक बनाइदिन्छ ।

खासमा परीक्षालाई हामीले जति जटिल तरिकाले लिन्छौँ त्यो त्यति नै जटिल बन्ने रहेछ र दिमागमा अनेकौं तरंग खेल्ने अनि त्यसपछि बिस्तारै यसले उग्ररुप लिने रहेछ । वास्तवमै परीक्षाको बारेमा मन र मस्तिष्कमा उठ्ने यस्ता नकारात्मक तरंगले व्यक्तिको उर्जा कम गर्ने, मानसिक पीडा उत्पन्न गर्ने र व्यक्तिलाई उचित र तार्किक रूपमा सोच्न असक्षम बनाउने रहेछ । न दिनमा भोक न रातमा निन्द्रा भनेझैं ! र परीक्षा भुत भनेको त हाम्रो मनको डरले पैदा गरेको यिनै तरंगहरुको स्वरुप रहेछ । जुन कुरालाई वास्तवमै मैले महसुस गरिरहेकी पनि छु ।

परीक्षाको भुतलाई भगाउन खासै धेरै कष्ट उठाउन नपर्ने रहेछ । परीक्षालाई सरल तरिकाले लिने, अरुको अर्ती उपदेशलाई नि मनन् गर्ने तर धेरै नसोच्ने, समयमा खाने र सुत्ने, समय तालिका बनाएर पढ्ने, नआत्तिने, योगा गर्ने, साँझपख हावा खान घर बाहिरतिर निस्कने जस्ता कार्यहरू गरियो भने मन र मस्तिष्कमा छुट्टै सकारात्मक उर्जा भरिदाँरहेछ । त्यसपछि मन नि प्रफुल्ल हुने अनि मस्तिष्क नि सक्रिय ।

# बालकुमारी घटना र वैदेशिक रोजगारी



✍खेमराज निरौला



देशमा पर्याप्त रोजगारीका अवसर उपलब्ध नहुँदा देश निर्माणको अभिभारा बोक्ने युवाहरू दिनप्रतिदिन निराश बन्दै गएका छन् । देशप्रतिको विश्वास र भरोसा क्षीण बन्दै गएको देखिन्छ । परिवारको पालनपोषण र बिहान-बेलुकाको हातमुख जोर्ने र पारिवारिक ऋण चुक्ता गर्नकै लागि पनि विदेश जानुपर्ने विवशतामा नेपाली युवाहरू छन् । तर विदेशको यात्रा पनि सहज र सुलभ छैन । मर्यादित कामको कुनै सुनिश्चितता छैन, न त ज्यानको नै सुरक्षा छ । धेरै त्यस्ता युवा दलाल र माफियाको ठगीमा परेर फसेका छन् भने कतिपय अवस्थामा बाकसमा फर्किनुपर्ने दुःखद घटनाले राष्ट्रको प्रमुख शक्ति युवा विलखबन्दमा छन् ।

रोजगारीको खोजीका क्रममा भोग्नुपरेका सास्ती र पीडा सहिनसक्नु छ भने अर्कातर्फ देशको राजनीतिक र आर्थिक अवस्था झन्झन् अनिश्चित र अस्तव्यस्त बन्दै गएको छ । मानव तस्करहरूले गैरकानुनी बाटो प्रयोग गरेर श्रम सम्झौता नै नभएका मुलुकहरूमा पठाउने अपराधले युवाशक्ति नैराश्यतामा डुबेको देखिन्छ । धेरै त्यस्ता गैरकानुनी बाटोबाट अवैध मुलुकमा छिरेका युवाहरू त्यहाँका जेलमा परेका छन् भने कतिपय उद्धारको पर्खाइमा रहेका छन् । यस्तो कहालीलाग्दो अवस्था हुँदाहुँदै पनि आफू र आफ्नो परिवारको सपना पूरा गरी जीवन जिउनकै लागि बिदेसिनु पर्ने विवशताले नेपाली युवा दलाल र ठगहरूको चुंगुलमा परेका घटना दुःखद र कहालीलाग्दा छन् ।

देशको अर्थतन्त्र विप्रेषणले धानेको छ । तर, त्यही विप्रेषणको मुख्य स्रोत युवामा सरकारको नजर नपर्नुले देश कतातिर जाँदै छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । सरकारले छिटोभन्दा छिटो युवाका चासो र सरोकारलाई उचित एवं दीर्घकालीन सम्बोधन गर्न जरुरी छ । यो देशमा बसेर अब के हुन्छ र ? विदेशै जानुपर्छ जसरी भए पनि भन्ने आम भाष्यलाई परिवर्तन गराउनेतर्फ राष्ट्रिय नीति बन्नुपर्छ । देशभित्रै बसेर केही गरेर बसौं भन्ने पनि छन् । तर, श्रम र पुँजीको मूल्य तय गरिदिने नीतिनियम बनाउने काम राज्यको होइन ? श्रमिकले न्यूनतम पारिश्रमिक पनि नपाउने अवस्थालाई गहन रूपमा सम्बोधन गरी सकारात्मक धारणाको विकास गराउन जरुरी छ ।

देशको अर्थतन्त्र विप्रेषणले धानेको छ भनिन्छ । विप्रेषणको प्रवाह घट्ने हो भने देश झन् ठूलो आर्थिक दलदलमा भासिने निश्चित छ । यो कुरा सत्य हो पनि । आ.व. ०८०-८१ मा विप्रेषण १४ खर्ब पुग्ने अनुमान गरिएको छ, जुन देशको चालु आवको झन्डै कुल बजेटकै हाराहारीको तथ्यांक हो । चालु आवको बजेट १७ खर्ब ५१ अर्ब छ । वैदेशिक रोजगारीका लागि भनेर करिब ५५ लाख ऊर्जाशील युवा विदेश पलायन भएका छन् । सरकार विप्रेषणको प्रवाह हेरेर दंग छ तर देशलाई दीर्घकालीन रूपमा कस्तो असर परिरहेको छ, त्यतातर्फ हिसाबकिताब छैन । आजको खुसी अनन्त कालसम्म रहला भन्न सकिन्न ।

रोजगारीका गन्तव्य मुलुकहरूमध्ये कोरिया तुलनात्मक रूपमा राम्रो मानिन्छ । युवाहरू कोरियाप्रति आकर्षित हुने कारण पनि यही नै हो । नेपाली युवा विश्वासिला, इमानदार र मेहनती भएका कारण कोरियाले नेपाली युवालाई धेरै विश्वास गरेको पाइन्छ र नेपालले पाउने कोटा वृद्धि गर्दै गएको छ । तर दुर्भाग्य नै भन्नुपर्छ, गत पुस १३ गते ललितपुरको बालकुमारीमा घटेको घटनाले कतै कोरियाले अब नेपाललाई दिने कोटा त कटौती गर्ने होइन भन्ने संशय उठ्न थालेको छ । यति मात्र होइन, बालकुमारी घटनाले हाम्रो देशमा वैदेशिक रोजगारीको प्रणाली कति फितलो र दयनीय छ भन्ने गम्भीर प्रश्न उठेको छ । जिम्मेवार पक्षले संयमतापूर्वक स्थितिलाई नियन्त्रणमा लिएको भए सायद उक्त दुःखद घटना हुने थिएन होला । सुरक्षाकर्मीको अनावश्यक बल प्रयोगले स्थिति भयावह बन्न पुग्यो, जुन दुःखद छ ।

घटनाको तथ्यपूर्ण छानबिन गर्न उच्चस्तरीय छानबिन समिति बनेको छ । तर, देशका आम युवावर्ग जो रोजगारीको खोजीमा छन्, उनीहरूको मानसिकतामा कस्तो असर परेको होला, शासकवर्गले सोच्ने कि नसोच्ने ? अकल्पनीय घटना घटेपश्चात् सिप परीक्षामा आवेदन दिएका सबैलाई सामेल गराउने जुन निर्णय सरकारले गरेको छ, त्यसले झन् हाम्रा सरोकारवाला निकायहरूको गैरजिम्मेवार र अविवेकी निर्णय छताछुल्ल भएको छ । पुस १३ गतेको बालकुमारी घटनाले नेपालको वैदेशिक रोजगारीको क्षेत्रमा रहेको अस्तव्यस्ततालाई उदाङ्गो पारिदिएको छ ।

यो क्षेत्रमा अझै धेरै सुधार गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । तर, जसलाई वैदेशिक रोजगारीको क्षेत्र सम्हाल्न जिम्मेवारी दिएको छ सरकारले, तिनै व्यक्ति अनैतिक र गैरकानुनी काममा लिप्त भएकाले सर्वसाधारणले दुःख-कष्ट झेल्नुपरिरहेको छ । यहाँ कोरिया मात्र होइन, अन्य खाडी मुलुकमा जानेहरूले समेत दलाल र लोभीपापीहरूको षड्यन्त्रबाट पीडित भएका घटनाहरू छताछुल्ल छन् । यसले देशकै अन्तर्राष्ट्रिय स्तरमा बेइज्जत भएको छ । द्वन्द्वग्रस्त देशहरूमा रोजगारीका लागि युवा पठाउँदा नराम्रोसँग पीडा खेप्नुपरेको छ ।

रसिया र युक्रेनको युद्धमा कतिपय निर्दोष नेपालीले ज्यान गुमाउनुपरेको समाचार पनि आएका छन् । केही नेपाली युवा युक्रेनी विद्रोहीहरूको नियन्त्रणमा रहेको र अझैसम्म बन्धक नै बनाइरहेको घटनाले रोजगारीको खोजीमा बिदेसिने युवाको आङै सिरिङ्ग हुन पुग्नु स्वाभाविक हो । कति नेपाली युवा रसियन सैनिकमा भर्ती भएका छन् भन्ने सरकारसँग आधिकारिक तथ्यांक नहुनुले देश कतातिर गइरहेको छ, एकछिन सोचौं ।

राम्रो पैसा कमाइने प्रलोभनमा फसेर दलालले युद्धग्रस्त देशहरूमा पठाउने अमानवीय कामको जति नै निन्दा गरे पनि कमै हुन्छ । उता सात समुद्रपारिको खोजीमा बिदेसिएको छोरो विद्रोहीको चंगुलमा पर्ने, यता परिवारजन शोक र पीडामा दिन बिताउनुपर्ने विवशताले नेपालको वैदेशिक रोजगारीको भविष्य कतातिर जाने हो, यकिन गर्न नसकिने भएको छ । देशमा बढ्दो भ्रष्टाचार र कुशासनले यहाँ बसेर केही गरौं भन्ने युवा पनि निराश बन्नुपरेको छ भने अनेक दुःखकष्ट र संघर्ष गरेर उत्पादन गरेको वस्तुको उचित बजार मूल्य नपाएर सडकमै आफ्ना उत्पादन पोख्नुपर्ने विवशताले राज्य असफलताको संकेत गर्दैन र ? खोइ कहाँ भयो उद्यमी युवाको श्रमको सम्मान ? अनि के हेरेर बसिरहने यो देशका युवाले ? अनि अन्त्यमा गन्तव्य भनेको वैदेशिक रोजगार ।

देश निर्माणमा युवाको भूमिका अतुलनीय छ । देश संघीयतामा चलिरहेको छ । हाम्रा आँखैअगाडि घरदैलोमा देखिने र भनिने तीन तहका सरकार छन् । तर पनि युवाका समस्या, रोजगारीको समस्या दिनदिनै बढ्दै जाँदा संघीयताप्रति नै वितृष्णा उठ्नु नाजायज छैन भन्नुपर्ने बेला त आएको हैन ?

दिनप्रतिदिन श्रमको मूल्य घट्दै जानुले देशमै बसेर कही गर्ने जोस र हौसला बोकेको युवा पनि अन्त्यमा बिदेसिनै तम्तयार हुनुलाई सामान्य रूपमा बुझ्नु हुँदैन । जब देशमा गरिएको श्रमको उचित मूल्य निर्धारण हुन्छ, तब मात्र बिदेसिनेको ताँतीलाई रोक्न सकिएला । जब आफ्नो देशमा गरेको श्रमको मूल्य हुँदैन अनि बिदेसिने क्रम उच्च हुन्छ । यो अवस्थाले निश्चय नै हाम्रा शासक र प्रशासकलाई चिन्तित बनाउनुपर्छ ।

यद्यपि रोजगारीको खोजीमा कोरियालगायत अन्य खाडी मुलुक जान चाहने युवाहरूका लागि परिस्थिति सहज बनाउनुपर्छ । विभिन्न अप्ठ्याराहरूलाई सम्बोधन गरेर सहज बनाउनुपर्छ । विचलित हुन लागेको अर्थतन्त्रलाई त्राण दिलाउने वैदेशिक रोजगारीको क्षेत्रलाई सम्भव भएसम्म सहज र सरल बनाउनुपर्छ । बालकुमारी घटनाबाट पाठ सिक्दै फेरि पनि त्यस्तो अनिष्ट नदोहोरियोस् भन्नेतर्फ सरकार सजग हुनैपर्छ ।

*(स्रोत: कारोबारदैनिक)*

# नवज्योतिमा आँखा शिविर र सरसफाई



*शुक्रबार स्वास्थ्य शिविरमा स्वास्थ्य परीक्षण गर्नुहुँदै वडा अध्यक्ष दामोदर गौतम ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-७, नागस्वतीस्थित नवज्योति माविमा आँखा शिविर र सरसफाई कार्यक्रम भएको छ। विद्यालयकै आयोजनामा शुक्रबार आँखा शिविर भएको हो । विद्यालयप्रति स्थानीय समुदाय र अभिभावकको ध्यानाकर्षण गराउने उद्देश्यले आँखा शिविरको आयोजना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमप्रसाद अधिकारीले जानकारी दिनुभएको छ ।

अघिल्लो साता मात्रै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन हुनुभएका अधिकारीले विद्यालयमा स्थानीय र अभिभावकलाई उपस्थित गराउन पनि शिविरको आयोजना गरिएको बताउनुभएको छ । हेटौँडा-४, पारिजातपथस्थित सफल फार्मेसीका दमन अधिकारीले आँखा परीक्षण गर्नुभएको थियो । शिविरमा तीन सयभन्दा बढीले सेवा लिएका छन् । विद्यालयले १५ हजार रुपैयाँ बराबरको औषधी निशूल्क वितरण गरेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमप्रसाद अधिकारीको अध्यक्षता तथा वडा अध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यमा आँखा शिविरको उद्घाटन कार्यक्रम भएको थियो । कार्यक्रममा वडा सदस्य सन्तुमाया पाख्रिन, दिनेश थापा मगरको पनि आतिथ्य रहेको थियो ।

यस्तै शनिबार बिहान विद्यालय परिसर सरसफाई गरिएको छ । हेटौँडा उपमहानगरपालिकाको ५५ औं स्थापना दिवसको अवसर पारेर वडा कार्यालय र विद्यालयको संयुक्त आयोजनामा भएको विद्यालय परिसर सरसफाई कार्यक्रममा जनप्रतिनिधि, अभिभावक, शिक्षक, कर्मचारी, विद्यार्थीको सहभागिता रहेको थियो ।

# एकैदिन ३ जनाको मृत्यु, किशोरीको कंकाल बरामद

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको धादिङ, रसुवा र सिन्धुपाल्चोक जिल्लामा ३ जनाको मृत्यु भएको छ भने रामेछाप जिल्लामा एक किशोरीको कंकाल बरामद भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाका अनुसार धादिङ जिल्लाको गजुरी गाउँपालिका-२, बिहानी पेट्रोलपम्प नजिकै एकजना पुरुषको मृत्यु भएको छ।

मंगलबार बिहान १० बजेर ३० मिनेटको समयमा बेवारिसे अवस्थामा रहेको अन्दाजी ५२ वर्षीय पुरुष व्यक्ति उद्दार गरी उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी पठाइएको प्रहरीले जानकारी दिएको छ । उपचारका लागि लगिएको पुरुषको शुक्रबार दिउँसो ४ बजेर ३० मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको थियो ।

यस्तै, रसुवा जिल्लाको आमाछोदिङ्मो गाउँपालिका-५, माथिल्लोरुङ्गामा एकजना पुरुषको मृत्यु भएको छ । काभ्रेपलाञ्चोक जिल्ला मण्डनदेउपुर नगरपालिका-१० घर भई हाल निर्माणाधिन सान्जेन खोला जलविद्युत आयोजनामा मजदुरी गर्ने २७ वर्षीय आयुष लामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार बिहान ९ बजेर ४० मिनेटको समयमा लामा माथिल्लोरुङ्गामा मृत फेला परेका थिए ।

सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-५, चौतारामा एकजना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ५० वर्षीय अमीर बहादुर श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ। श्रेष्ठ बिहीबार बेलुका खाना खाएर सुतेकोमा शुक्रबार बिहान ८ बजेको समयमा सुतेकोमा कोठामा मृत फेला परेका थिए। श्रेष्ठ चौतारास्थित एक विद्यालयमा करारमा कार्यरत शिक्षक रहेको र स्थानीयको घरमा बस्दै आएका थिए ।

यस्तै, दोलखा जिल्लाको गौरिशंकर गाउँपालिका-७, मार्बुमा एक किशोरीको कंकाल फेला परेको छ । बरामद भएको कंकाल १३ वर्षीया आयुषा श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ । शुक्रबार दिउँसो १ बजेको समयमा श्रेष्ठको कंकाल घटेखोलामा फेला परेको थियो । सात महिना अगाडि वर्षाको समयदेखि श्रेष्ठ हराइरहेको श्रेष्ठका बुबा रामकृष्ण श्रेष्ठले बताएको प्रहरीले जानकारी दिएको छ । शव मुचुल्का पश्चात मृतकको बुबाले बुझी लगेको प्रहरीले जनाएको छ ।

# २२ क्विन्टल अवैध प्याज बरामद

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५ रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले २२ क्विन्टल अवैध प्याज बरामद गरेको छ ।

सुचनाको आधारमा शुक्रबार दिउँसो १२ बजेर ३५ मिनेटको समयमा वीरगन्जबाट हेटौँडा आउँदै गरेको प्र २ ०३-००१ च ३३०४ नम्बरको बोलेरो गाडीलाई सुरक्षाजाँच गर्दा २२ क्विन्टल अवैध प्याज बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। बोलेरोबाट ८८ हजार रुपैयाँ बराबरको प्याज बरामद भएकोले बोलेरो चालक र सह-चालकसहित गाडिलाई राजस्व कार्यालय पथलैया पठाइएको प्रहरीले जानकारी दिएको छ।

## कैलाशको टिमुरेमा आगलागी

# ४ लाख ५० हजार बराबरको क्षति

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको कैलाश गाउँपालिका-९, टिमुरेका जगत बहादुर नेगीको घरमा आगलागी भएको छ । शुक्रबार साँझ ५ बजेर ४५ मिनेटको समयमा गोठबाट सुरु भएको आगलागीले घरमा समेत क्षति पुर्याउँदा ४ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। प्रहरी र स्थानीयको सहयोगमा साँझ ६ बजेर ४५ मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको थियो। आगलागीबाट एउटा बाख्रा जलेको र अन्य मानवीय क्षति नभएको प्रहरीले जनाएको छ। आगो कसरी लागेको भन्ने अनुसन्धान भइरहेको छ ।

# चाडहरुले भातृत्वको विकास गर्छः नेता थपलिया

समाज संवाददाता

हेटौँडाः नेकपा (एमाले) बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले तामाङ समुदायको महान चाड मञ्जुश्री सम्वत् २८६० सोनाम ल्होछार को शुभकामना व्यक्त गर्नुभएको छ । शनिबार एक शुभकामना सन्देश जारी गर्नुहुँदै उहाँले स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरुलाई शुभकामना दिनुभएको हो ।



सन्देशमा थपलियाले भन्नुभएको छ- 'सम्पूर्ण आमा-बुवा, दिदी-बहिनी तथा दाजु-भाइहरुमा सुख, शान्ति, समृद्धि, आरोग्य एवम् उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दै यस पर्वले नेपाली-नेपालीबीच आपसी सहिष्णुता, बन्धुत्वको भावना विकास गर्दै सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सद्भाव र भ्रातृत्वको विकास गर्न प्रेरणा प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु ।'

नेता थपलियाले नेपालका विविध सांस्कृतिक सम्पदा, चाडपर्व र संस्कृतिले नेपालीहरुको राष्ट्रिय एकतालाई थप मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा विभिन्न समयमा मनाइने विभिन्न पर्वहरुले नेपालको मौलिकता झल्काउने पर्व हाम्रो राष्ट्रिय पुँजी भएको बताउनुभयो । उहाँले भन्नुभयो- 'यस्ता विशेषतालाई समृद्ध नेपाल, सुखी नेपाली निर्माणको अभियानमा सदुपयोग गर्नुपर्दछ र यस पर्वले परम्परा र संस्कृतिको संरक्षण गर्न थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।'

# मातृभूमि साहित्य समाजमा दाहाल

समाज संवाददाता

हेटौँडाः मातृभूमि साहित्य समाज मकवानपुरको अध्यक्षमा कृष्णप्रसाद दाहाल चयन हुनु भएको छ । शनिबार भएको २४ औं साधारण सभाले दाहालको अध्यक्षमा ११ जना नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ। नवनिर्वाचित समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

मातृभूमि साहित्य समाजको उपाध्यक्षमा हेमन्त कुमार ढुंगेल, महासचिवमा मञ्जु खराल, सचिवमा किशन पौडेल र कोषाध्यक्षमा निरा शर्मा चयन हुनुभएको छ। यस्तै सदस्यमा गोपिनी गौतम, श्याम श्रेष्ठ, सानु खनाल र मिथिला अधिकारी चयन हुनुभएको छ। साधारण सभाको उद्घाटन कार्यक्रममा रचना वाचन गरिएको थियो ।

निवर्तमान अध्यक्ष माधव बहादुर पोखरेलको सभाध्यक्षता तथा गणेश लाठको प्रमुख आतिथ्यमा साधारण सभा भएको हो। कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बर्तौला, सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने लगायतको उपस्थिति रहेको थियो ।

# जिएस निकेतनको पिटिएमा बानियाँ

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५ स्थित जीएस निकेतन माविको शिक्षक अभिभावक संघ (पिटिए) अध्यक्षमा प्रकाश बानियाँ दोस्रो कार्यकालका लागि सर्वसम्मत निर्वाचित हुनुभएको छ । शनिबार बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले बानियाँलाई दोस्रो कार्यकालका लागि पिटिए अध्यक्ष चयन गरेको हो। पिटिए १३ सदस्यीय गठन गरिएको छ । पिटिए सदस्यमा हिमलाल शर्मा, नीता मानन्धर, हिरा पहाडी, सुशीला श्रेष्ठ, दुर्गा घोरासैनी, सन्तोष सापकोटा, सुन्दर न्यौपाने, दीपक शर्मा र प्रकाश सुवेदी चयन भएका छन् । पिटिएमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक पदेन सदस्य हुने व्यवस्था छ भने एक जना शिक्षक प्रतिनिधि रहनेछ ।

# लामिछानेलाई भैरव स्मृति सम्मान

समाज संवाददाता

हेटौँडाः हास्यव्यङ्ग्यकार मीनप्रसाद लामिछानेलाई यस वर्षको भैरव स्मृति सम्मान प्रदान गरिने भएको छ । मकवानपुर जिल्लाको अग्रणी साहित्यिक संस्था साहित्य संगम मकवानपुरले वरिष्ठ हास्यव्यङ्ग्यकार भैरव अर्यालको सम्झनामा हरेक वर्ष एकजना हास्यव्यङ्ग्य साहित्यमा कलम चलाउने साहित्यकारलाई सम्मान गर्ने गरिएको छ ।

सम्मानका लागि आवश्यक रकमका लागि भैरव अर्यालका सुपुत्र दीपक अर्याल अक्षयकोष स्थापना गरिदिनुभएको छ । २१ हजार एक सय ११ रुपैयाँ राशीको 'भैरव स्मृति सम्मान-२०८०' बाट मकवानपुरका हास्यव्यङ्ग्यकार मीनप्रसाद लामिछानेलाई फागुन महिनामा सम्मान गरिने साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले जानकारी दिनुभएको छ। शिक्षण पेशामा आवद्ध लामिछानेले हास्यव्यङ्ग्य कृति पनि प्रकाशन गर्नुभएको छ ।

# जनयुद्ध दिवसमा बागमतीमा सार्वजनिक विदा

समाज संवाददाता

हेटौँडाः पुर्वी मकवानपुरको बागमती गाउँपालिकाले जनयुद्ध दिवसको अवसरमा सार्वजनिक विदा दिएको छ । बिहिबार एक सुचना जारी गर्नहुँदै पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले पालिकाले जनयुद्ध दिवसको अवसरमा फाल्गुन १ गते सार्वजनिक विदा दिएको जानकारी गराउनुभएको छ ।

पालिकाको गत माघ १४ गते बसेको कार्यपालिका बैठकले जनयुद्ध दिवसको अवसरमा फाल्गुन १ गते सार्वजनिक विदा दिने निर्णय गरेको थियो । "फागुन १ गतेलाई बागमती गाउँपालिकाले जनयुद्ध दिवसको रुपमा मनाउने र उक्त दिन जनयुद्ध दिवसको अवसरमा यस गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक कार्यालय, शैक्षिक संस्था एवम् बैंक तथा वित्तिय संस्थाहरुमा विदा दिने सम्बन्धमा यस गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/१०/१४ गते निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ" सूचनामा उल्लेख छ । गाउँपालिकाले जनयुद्ध दिवसको अवसरमा सार्वजनिक विदा दिएको यो पहिलो पटक हो ।

हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर
आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त सम्बन्धी ३0 दिने बोलपत्र आव्हानको सूचना !
प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२५
स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ को (घ) मा व्यवस्था भए बमोजिम थाहा नगरपालिकाबाट बाहिर जाने तरकारि व्यवसाय कर उठाउन २०८१ बैशाख देखि २०८१ साल चैत्र महिना सम्मको लागि बोलपत्रबाट ठेक्का लगाउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रहि रितपूर्कको सिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा कागजातहरु यस कार्यालयको Website: www.thahamun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।
तपशिलः

| ठेक्का नं. | विवरण | न्युनत्तम ठेक्का रकम रु. (भ्याट वाहेक) | टेण्डर फाराम दस्तुर रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५/२०८०/८१ | तरकारी व्यवसाय निकासी कर | ४६,७९,000।00 (छयालिस लाख उनान असी हजार) मात्र | २,000।00 | कबोल अंकको ५% | |

प्रमुख प्रशासकीय अधिकृत

# यु–१६ क्रिकेटको पुरुष टिम घोषणा

समाज संवाददाता

हेटौंडाः मनमोहन यु-१६ क्रिकेट प्रतियोगिताका लागि नेपाल क्रिकेट एसोसिएसनले पुरुष टिम घोषणा गरेको छ । आज माघ २८ गतेदेखि फागुन ६ गतेसम्म पोखरामा हुने मनमोहन क्रिकेट प्रतियोगिताका लागि बागमती प्रदेशको टिममा सहभागी १४ जनाको नाम घोषणा गरिएको हो ।

प्रतियोगितामा मकवानपुरबाट रोहित ठकुरी र शिवशक्ति महतो छनोट भएका छन् । प्रदेशको ६ वटा जिल्लाबाट सहभागी हुन आएका खेलाडीहरुमध्ये अन्तिम १४ जनाको नाम घोषणा गरेको हो । बागमती प्रदेशको टिम कप्तानको जिम्मेवारी सूर्यान्स कोइरालालाई दिइएको छ । रोहित शर्माले विकेट किपरको भूमिका निर्वाह गर्नुहुनेछ । बागमती प्रदेश क्रिकेट संघले ३ दिनको मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता गराएर १४ जना खेलाडीको नाम सार्वजनिक गरेको हो ।

गतवर्ष भएको विद्यालयस्तरीय क्रिकेट प्रतियोगितामा खेलाडीहरुको प्रदर्शनीको आधारमा मकवानपुरबाट १६ जना छनोट गरेर प्रदेशमा पठाइएको जिल्ला क्रिकेट संघका सदस्य संजोक पोखरेलले बताउनुभयो । मकवानपुरका यु-१६ का खेलाडीहरुलाई बन्द प्रशिक्षणमा सहभागी गराएर तक्षक सिम्खडाले प्रशिक्षण दिएपछि प्रदेश पठाइएको उहाँले बताउनुभयो ।

# लिटिल बड्डीको अभिभावक दिवस सम्पन्न



समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित लिटिल बड्डी प्रि-स्कूलले अभिभावक दिवसको आयोजना गरेको छ । ५ वर्षअघि सञ्चालनमा आएको बेलायत फ्रेन्चाइज प्रि-स्कूलले पहिलो पटक अभिभावक दिवसको आयोजना गरेको हो । अभिभावक दिवसमा विद्यार्थीले गायन, नृत्य तथा नाट्यकला प्रस्तुत गरेका थिए ।

प्रि-स्कूल सञ्चालक योवराज दाहालको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा सदस्य जनरल श्रेष्ठको प्रमुख आतिथ्यमा अभिभावक दिवस समारोह भएको हो । अभिभावक दिवसलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि जनरल श्रेष्ठले हेटौंडामा लिटिल बड्डी सञ्चालनमा आएर बालबालिकाको सर्वाङ्गिण विकास चाहने अभिभावकका लागि सहज भएको बताउनुभयो । लिटिल बड्डी प्रि-स्कूलको आफू पनि अभिभावक भएको उल्लेख गर्नुहुँदै श्रेष्ठले ४ नम्बर वडा शैक्षिक केन्द्रको रुपमा विकसित हुँदै जाँदा वडा कार्यालयले पनि शिक्षालाई प्राथमिकता दिएर काम गरिरहेको जानकारी दिनुभयो ।

अभिभावक दिवसमा लिटिल बड्डी किन्डरगार्डेन भारतकी संस्थापक एवम् दक्षिण एसिया प्रमुख राज्या गंगाधरणको पनि उपस्थिति रहेको थियो । अभिभावक दिवसमा सहभागी हुन भारतबाट आउनुभएकी गंगाधरणले हेटौंडामा लिटिल बड्डी प्रि-स्कूलको सञ्चालन र अभिभावकको उपस्थिति प्रशंसनीय रहेको बताउनुभयो । बालबालिकाको उचित स्याहार र सर्वाङ्गिण विकासमा लिटिल बड्डीको कामलाई लिएर कुनै गुनासो भए निर्धक्क राख्न आग्रह गर्नुहुँदै अभिभावकको प्रतिक्रियाले अझै सुधार गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो ।

लिटिल बड्डी प्रि-स्कूल हेटौंडाका सञ्चालक योवराज दाहालले पाँच वर्षअघि ४ जना शिक्षक र १५ जना विद्यार्थीबाट सुरु भएको प्रि-स्कूलमा अहिले ४० जना शिक्षक र एक सय ८८ जना विद्यार्थी रहेको जानकारी दिनुभयो । बेलायती फ्रेन्चाइज लिटिल बड्डी प्रि-स्कूल दक्षिण एसियामा नेपाल, भारत, श्रीलंका, बंगलादेशसहित १० देशमा ९१ वटा स्कूल सञ्चालित छन् । नेपालमा हेटौंडासँगै गतवर्षदेखि बीरगन्जमा पनि सञ्चालनमा लिटिल बड्डी प्रि-स्कूल सञ्चालनमा रहेको छ । कार्यक्रममा सहभागी अभिभावकले प्रि-स्कूलले आफ्ना नानीबाबुलाई राम्रो संस्कार, शिक्षा र जिवनोपयोगी व्यवहार सिकाई रहेको भन्दै खुसी व्यक्त गरेका थिए ।

# मकवानपुर बालविद्यामा अभिभावकसँगै नाचे विद्यार्थी



समाज संवाददाता

मकवानपुर बालविद्यामा अभिभावकसँगै नाचे विद्यार्थी

हेटौंडाः सामान्यतः विद्यालयमा अभिभावक दिवसको आयोजना गर्दै गर्दा अभिभावकले आफ्ना बाबुनानीको कला हेर्ने अवसरको रुपमा लिइन्छ । तर, हेटौंडा-१८, हर्नामाडीस्थित मकवानपुर बालविद्या सदनले भने अभिभावकलाई नै नृत्यकला प्रस्तुत गर्न प्रेरित गरेको छ । शुक्रबार भएको अभिभावक दिवसमा मकवानपुर बालविद्या सदनमा अध्ययनरत पूर्वप्राथमिक तहका विद्यार्थीका अभिभावकले आफ्ना बाबुनानीसँगै नृत्यकला प्रस्तुत गरेका छन् ।

विद्यालयले अभिभावकका सुझाव पनि संकलन गरेको छ । अभिभावक दिवस कार्यक्रमस्थलको प्रवेश गर्ने स्थानमै अभिभावकका लागि सुझाव पेटिका राखिएको थियो । अभिभावक दिवसको अवसरमा विद्यार्थीले नृत्य, गायन, नाट्यकला प्रस्तुत गरेका थिए भने विद्यार्थीले खानाका स्टल, फेसपेन्टको कार्य पनि गरेका थिए ।

विद्यार्थीमा पठन संस्कृतिको विकास गर्न, अभिभावकमा पनि पठन संस्कृतिको आवश्यकता औंल्याउने उद्देश्यले लेखक तथा शिक्षक सिएम रिमालसँग पुस्तक चर्चाको कार्यक्रम समेत गरिएको थियो । विद्यालयका प्रिन्सीपल सुदीप राज गिरीले सहजीकरण गर्नुहुँदै पठन संस्कृति र रिमालको हालै प्रकाशित पुस्तक "कथा भन्छु नि ल" को सन्दर्भमा चर्चा गरिएको थियो ।

विद्यार्थीलाई पढ्न प्रेरित गर्दै आएको विद्यालयले सबैभन्दा धेरै ४५ वटा पुस्तक पढ्ने कक्षा ३ को अनमोल पौडेल उत्कृष्ट पाठकको रुपमा सम्मान गर्दै किताब र ख्ने ऱ्याक हस्तान्तरण गरिएको थियो । यस्तै दोस्रो स्थानमा रहने ४ कक्षाकी सुभान्सी न्यौपानेलाई किताबघरले किताब दिएको छ । अभिभावक दिवसमा विद्यालयमा पुस्तक मेलाको पनि आयोजना गरिएको थियो । अभिभावक दिवसमा अतिथि र विद्यार्थीलाई खिर खुवाइएको थियो । असार १५ मा विद्यालयकै खेतमा विद्यार्थीले रोपाइँ गरेर मंसिरमा काटेको धान कुटाएर तयार पारिएको चामलको खिर बनाएर खुवाइएको प्रिन्सीपल गिरीले जानकारी दिनुभयो । विद्यालयले उत्कृष्ट क्याप्टेनको रुपमा ४ कक्षाका समीर लामिछानेलाई सम्मान समेत गरेको छ । १० कक्षासम्म पठनपाठन हुने मकवानपुर बालविद्या सदनमा ६ सय विद्यार्थी अध्ययनरत छन् ।

## हेटौंडा एकेडेमीको रजतजयन्तीमा सप्ताहव्यापी कार्यक्रम

# विद्यालयले क्रिकेट एकेडेमी सञ्चालन गर्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ को हेटौंडा एकेडेमीले रजतजयन्तीको अवसरमा सप्ताहव्यापी कार्यक्रम गर्ने भएको छ । विद्यालय सञ्चालनमा आएको २५ वर्ष पूरा भएको अवसरमा सप्ताहव्यापी कार्यक्रमको आयोजना गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीले जानकारी दिनुभयो ।

शनिबार विद्यालय परिसरमा पत्रकार सम्मेलनको आयोजना गर्दै अध्यक्ष सुमार्गीले कार्यक्रम यही माघ २९ गतेदेखि फागुन ६ गतेसम्म सञ्चालन हुने बताउनुभयो । विद्यालयले धर्म, संस्कृति, कला, साहित्य र प्रविधिलाई एकीकृत गरी विश्व परिवेश सुहाउँदो शिक्षा दिइरहेको उहाँले जानकारी दिनुभयो । विद्यालयले विद्यार्थीहरुलाई केन्द्रमा राखेर कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको उहाँको भनाइ छ ।

सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन २९ गते सांस्कृतिक झाँकी, स्काउट समूहसहित शोभायात्रा गरिने भएको छ । दोस्रो दिन फागुन १ गते माधवराज सुमार्गी स्मृति अन्तर मावि टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । नेपाली क्रिकेट टिमका वर्तमान प्रशिक्षक जगत टमाटाको प्रमुख आतिथ्यमा फागुन १ गते उद्घाटन भई ३ गते क्रिकेट प्रतियोगिता समापन हुनेछ । क्रिकेट प्रतियोगितामा विजेताले नगद १५ हजार र उपविजेताले १० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

विद्यालयले नेपाल क्रिकेट संघ र मकवानपुर क्रिकेट संघको सहकार्यमा एचए क्रिकेट एकेडेमी सञ्चालन गर्न लागेको अध्यक्ष सुमार्गीले बताउनुभयो । क्रिकेट मैदानको निर्माण कार्य भइरहेको छ । कार्यक्रममा नेपाल क्रिकेट संघ, मकवानपुर क्रिकेट संघ र विद्यालयबीच सम्झौतापत्र आदानप्रदान गरिनेसमेत उहाँले बताउनुभयो ।

कार्यक्रमको तेश्रो दिन फागुन २ गते रुपचन्द्र विष्ट थाहा स्मृति अन्तर मावि हाजिरीजवाफ प्रतियोगिता हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः १० हजार, ८ हजार र ५ हजार रुपैयाँसहित पुस्तकसमेत प्राप्त गर्नेछन् । कार्यक्रमको चौथो दिन हेटौंडा एकेडेमी गायन प्रतियोगिता र पाँचौ दिन विद्यालयस्तरीय नृत्य प्रतियोगिता हुनेछ ।

कार्यक्रमको छैठौं दिन फागुन ५ गते वृहत् कवि सम्मेलन हुने भएको छ । विन्दबासिनी मिडिया प्रालि र हेटौंडा एकेडेमीको संयुक्त आयोजनामा र व्यङ्ग्य विधामा राष्ट्रियस्तरमा ख्यातिप्राप्त कवि लक्ष्मण गाम्नागेको प्रमुख आतिथ्यमा वृहत् कवि सम्मेलन आयोजना हुनेछ । कार्यक्रममा राष्ट्रियस्तरमा ख्यातिप्राप्त व्यङ्ग्य कवि अर्जुन पराजुलीसहित चितवनबाट धनराज गिरी, एलबी क्षेत्री, पुष्प अधिकारी 'अन्जली', भुपेनका साथै बारा, पर्सा, रौतहट र मकवानपुरका मुर्धन्य कविहरुको साथमा हेटौंडा एकेडेमीका शिक्षक, कर्मचारी र विद्यार्थीहरुले कविता वाचन गर्नेछन् ।

कार्यक्रमको अन्तिम दिन फागुन ६ गते रजतजयन्ती मूल समारोह हुनेछ । वरिष्ठ कलाकार हरिवंश आचार्यको प्रमुख आतिथ्यमा आयोजना हुने मूल समारोहमा रजतजयन्ती स्मारिका बिमोचनका साथै सम्मान कार्यक्रम, पुरस्कार वितरण कार्यक्रम तथा विद्यार्थीहरुको प्रतिभा प्रदर्शन गरिनेछ ।

# सिद्धार्थ शिशु सदनको पूर्वविद्यार्थी समाजमा कँडेल

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनमा पूर्वविद्यार्थी समाज गठन गरिएको छ । विद्यालयको ४४औं वार्षिकोत्सवको अवसरमा शनिबार भएको पूर्वविद्यार्थी भेलाले प्रदीप कँडेलको संयोजकत्वमा २१ सदस्यीय पूर्वविद्यार्थी समाज सर्वसम्मत समिति चयन गरेको छ । पछिल्लो समय संस्थागत र सामुदायिक विद्यालयमा पूर्वविद्यार्थीलाई संगठित गर्दै विद्यालयको शैक्षिक एवम् भौतिक विकासमा पूर्वविद्यार्थीसँग विद्यालयले सहकार्य गर्ने प्रयास गरिरहेको छ ।

पूर्वविद्यार्थी समाजको प्रथम सह-संयोजकमा अरुण पराजुली, द्वितीय सह-संयोजकमा हिमानी सुवेदी, सचिवमा सुवास ढुङ्गेल, सह-सचिवमा मनिष घिमिरे, कोषाध्यक्षमा सञ्जिव चौलागाई चयन हुनुभएको विद्यालयका शिक्षक सुन्दर लुईटेलले जानकारी दिनुभयो । कार्यक्रमको अध्यक्षता विद्यालयका प्रिन्सीपल निर्मल पराजुलीले गर्नुभएको थियो । कार्यक्रममा विद्यालयका संस्थापक नवराज अर्याल र उपेन्द्र सुवेदीको पनि उपस्थिति रहेको थियो ।

पूर्वविद्यार्थीलाई विद्यालयसँग जोड्ने उद्देश्यले यो समाज गठन गरिएको विद्यालयका प्रिन्सीपल निर्मल पराजुलीले बताउनुभएको छ । कार्यक्रममा पूर्वविद्यार्थी अरुण कुमार पराजुलीले विद्यालय सहयोगी हिरामाया लामालाई प्रोत्साहनस्वरुप ५ हजार सहयोग समेत गर्नुभएको छ ।

हार्दिक बधाई



हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा माघ २६ र २७ गते सम्पन्न प्रथम वृहत् खेलकुद प्रतियोगितामा छात्रातर्फको १०० मिटर दौडमा प्रथम र द्वितीय, छात्रातर्फको २०० मिटर दौडमा प्रथम, ४०० मिटर छात्रछात्रा रिले दौडमा प्रथम, छात्रातर्फको लङजम्पमा प्रथम र द्वितीय, छात्रातर्फको ट्रिपलजम्पमा प्रथम र द्वितीय, छात्रतर्फको ट्रिपलजम्पमा द्वितीय र तृतीय, फुटबल र भलिबलमा द्वितीय हुँदै ५ वटा खेलमा स्वर्ण, ६ वटा खेलमा रजत र एउटा खेलमा कास्यपदक प्राप्त गर्दै यस विद्यालय अंक तालिकामा दोस्रो हुन सफल भएकोमा सहभागी विद्यार्थी खेलाडीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै उत्कृष्ट नतिजा ल्याउन सहयोग गर्नुहुने विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारीलगायतमा हार्दिक आभार व्यक्त गर्दछौं ।

विवेक कार्की (अध्यक्ष)
विद्यालय व्यवस्थापन समिति

श्रीराम दहाल (प्रधानाध्यापक)

एवम्

श्री श्रमिक माध्यमिक विद्यालय परिवार

हेटौंडा-४, कर्रा

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ